(५)

"शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटन पूर्वाधार
मालिकार्जुन गाउँपालिकाको समृद्धिको आधार"

# मालिकार्जुन गाउँपालिका दार्चुला
## प्रदेश नं.७ को
## तेस्रो गाउँसभामा
## प्रस्तुत नीति तथा कार्यक्रम
## २०७५

मिति:२०७५।०३।१०

**मालिकार्जुन गाउँपालिकाको तेस्रो गाउँसभाका अध्यक्ष ज्यू,
सभाका सदस्यज्यूहरू तथा उपस्थित अन्य महानुभावहरु,**

यस मालिकार्जुन गाउँपालिकाको तेस्रो गाउँसभालाई सफल र व्यवस्थित बनाउन हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएकोमा हार्दिक धन्यबाद सहित स्वागत गर्दछु । नेपालको राजनितिक, आर्थिक, समाजिक तथा विभिन्न आन्दोलनहरूमा अमूल्य जीवन आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । साथै ज्ञानभुमि शंकरपुरमा उपस्थित भई मालिकार्जुन गाउँपालिको तेस्रो गाउँसभामा गाउँपालिकाको नीति तथा कार्यकम प्रस्तुत गर्न पाउँदा हर्षित छु ।
नेपालको संविधान,स्थानिय सरकार संचालन ऐन २०७४ र स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४,(संसोधित)को आधारमा यस गाउँपालिकाले अवलम्वन गर्नेनीति तथाकार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न गईरहेको छु । साथै यस अवसरमा सम्पूर्ण मालिकार्जुन गाउँपालिकाबासी आदरणीय जनसमुदायहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

**आदरणीय उपस्थित गाउँसभा सदस्यज्यूहरु!**

मालिकार्जुन गाउँपालिका ऐतिहासिक, राजनैतिक,प्राकृतिक, वहु साँस्कृतिक,बहु धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण भएकोले विशेष पर्यटकीय केन्द्रको रूपमा विकास हुने सम्भावना छ ।

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यताले भरिपूर्ण मुलुकभरीकै सात वटा धामहरु मध्ये को एक धामकारुपमा चिनिने मालिकार्जुन देवस्थल र अन्य विभिन्न देवीदेवताका मन्दिरहरु,विभिन्न नदीनाला,वनजंगलहरु,ढुङ्गा/स्लेट,जडीबुटी, वन पैदावर,कृषि, पशुपालन, नगदेबाली लगायत थुप्रै सम्भावनाका क्षेत्रहरू छन् । यी क्षेत्रहरूको प्रभावकारी प्रयोग र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनैतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, पत्रकार तथा नागरिक समाज लगायत मालिकार्जुन वासीको विकास प्रति रहेको चासो मालिकार्जुनको समग्र विकासको लागि अवसरका रूपमा रहेका छन् ।

उल्लेखि त सम्भावना तथा अवसरहरूका वावजुत हाम्रा सामु थुप्रै चुनौतीहरू पनि रहेका छन् । गाउँपालिकाका सबै वडाहरूमा अहिले सम्मपनि सडकको पहूच पुर्‍याउन सकिएको छैन । सबै वडाहरूमा शिक्षा, स्वास्थ्य,खानेपानी, सिंचाई तथा विजुलीको सहज व्यवस्थापन मिलाउन सकिएको छैन ।समाजमा विविध प्रकारका विभेदहरू कायमै छन् । मानव विकास सुचकाङ्क सन्तोषजनक देखिदैन। प्रतिव्यक्ति आय कमजोर अवस्थामा छ । कृषि, वन, वातावरण तथा अन्य पूर्वधार र सशक्तीकरणका कार्यक्रमहरूमा वर्षेनी लाखौं लगानी भएतापनि खाद्य असुरक्षा, गरिवी, असमानता, जातीय भेदभाव, छुवाछुत,महिला हिंसाका घट्नाहरूबाट पार पाउन सकिएको छैन । शान्ति सुरक्षाको अवस्था व्यवस्थित गर्नु पर्ने छ। दुर्गमता, निरक्षरता र अदक्षताले गाँजीरहेको छ । गाउँपालिकाको आन्तरिक स्रोत अत्यन्तै न्युन हुनु, विकासको प्रतिफल लक्षित समुदाय सम्म पुर्‍याउन नसक्नु , थप चुनौतीहरूका रूपमा रहेका छन् । गाउँपालिका र वडाहरूले शून्य अवस्थावाट काम सुरू गर्नु पर्दा धेरै कठिनाइहरू व्यहोर्नु परिरहेकोगत १ वर्षको सिकाई र भोगाईले बताउछ । उल्लेखित चुनौतीहरूको वावजुद सबै सरोकरवाला निकायहरूको समन्वय र सहकार्यमा दिगो विकास गरी यसका प्रतिफल लक्षित समुदाय सम्म पुर्‍याउन हामीले सामुहिक प्रयास गर्नु निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु ।

**आदरणीय उपस्थित गाँउसभा सदस्य ज्यूहरु**

**अव म मालिकार्जुन गाउँपालिकाको आ.व.२०७५/७६ को सम्रग वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख आधारहरु**

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाँउपालिका

लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२,स्थानीय सरकार संचालन ऐन २०७४,स्थानीय तहको योजनातर्जुमा तथा बजेट निर्माण दिग्दर्शन २०७४को(संसोधित) अधिनमा रहीयस गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा प्रत्येक वडा टोल तथा वस्तीबाट प्राप्त विषयगत क्षेत्र अनुसार समावेशी र सहभागितामुलक योजना छनौट गरि वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरि गाउँ सभाले योजना तथा कार्यक्रम स्वीकृत गर्ने प्रक्रिया अवलम्वन गरिएको छ । जसलाई तपशिल बमोजिमको विषय क्षेत्रमा विभाजन गरिएको छ ।

१. **आर्थिक विकास क्षेत्रः** कृषि, गैर कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी तथा वित्तिय र वनतथा वनस्पतीको उपयोग।

२. **पूर्वाधार विकास क्षेत्रः** सडक, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, घरेलु तथा लघुउद्यम र संचार।

३. **सामाजिक विकास क्षेत्रः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्धन, लैंगिक समानता तथा समावेशीकरण ।

४. **वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रः** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण , जलवायु परिर्वतन फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद र अन्य प्राकृतिक विपद ।

५. **संस्थागत विकास तथा सेवा प्रवाहः** मानव संशाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार ।

६. **वित्तियव्यवस्थापन र सु(शासनः** संघीयसरकार र प्रदेश सरकार बाटप्राप्तअनुदानयसगाउँपालिकाको आन्तरिक आय तथा अन्य गैरसरकारी र दातृ निकायहरुबाट प्राप्त अनुदान र साझेदारी कोषको रकमबाट आवश्यक वित्तीय व्यवस्था गरिनुको साथै वित्तीय सुशासनको लागि पारदर्शिता र जवाफदेहिताको नीति अवलम्वन गरिएकोछ ।

**आदरणीय उपस्थित गाउँसभा सदस्य ज्यूहरु !**

मालिकार्जुन गाउँपालिकालाई प्राप्त भएका सवै सम्भावना र अवसरहरूलाई सम्पत्तीको रूपमा ग्रहण गर्दै **वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन** गरिएका प्रमुख आधारहरुको जगमा टेकेर सवल समृद्ध सुन्दर मालिकार्जुन गाउँपालिका निर्माण गर्ने प्रतिवद्धताका साथ अब म

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

मालिकार्जुन गाउँपालिकालको आगामी वर्षको वार्षिक मुख्य मूख्य क्षेत्रका नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

## १. कृषितथा पशुपालन सम्बन्धी नीति :

- आगामी आ.व.२०७५/०७६मा जल वायु र माटोको सम्भाव्यता को आधारमा एक गाउँ एक उत्पादन नीति अवलम्वन गरिने छ ।
- व्यवसायिक रुपमा कृषि पैदावारको उत्पादन र प्रशोधन गर्न तथा उच्च मुल्य प्राप्त गर्न सहकारी, समुह र व्याक्तिलाई मल विउ विरुवा खरिदमा अनुदान उपलब्ध गराईने र पुजिगत अनुदानको समेत व्यवस्था मिलाईने छ ।
- व्यवसायिक फलफुल तथा तरकारी खेतीको लागि वजेटको व्यवस्था गरिने छ ।
- सम्भावित ठाउँमा दुग्ध संकलन केन्द्र स्थापनाको लागि आवश्यकताको आधारमा सहयोग गर्ने नीति लिइएको छ ।
- बधशाला व्यावस्थित गर्ननीति अवलम्वन गरिने छ ।
- स्थानीय सम्भाव्यता, तुलानात्मक लाभ तथा विशेष अवसरहरूको उपयोग गरी कृषक तथा कृषि प्राविधिकहरूको सीप, विकासहरु र उपयुक्त कृषि प्रविधि मार्फत कृषिको व्यवसायीकरण र विविधीकरण,नमुना कार्यक्रम कार्यन्वयन गरी कृषि रोजगारीको सृजना गरिनेछ।
- कृषि विकाससंग सम्वन्धित विभिन्न सरकारी अर्ध-सरकारी तथा गैरसरकारी संघ-संस्था, विकासका अन्य साझेदारीहरू तथा निजी क्षेत्रसंग समन्वय र सहकार्य गरी सार्वजनिक नीजी साझेदारी अवधारणा अनुरूप एकीकृत कृषि कार्यक्रमहरू संचालन गरिनेछ ।
- सडक र वजारको पहुँच भएका क्षेत्रहरूमा वढी मुल्य भएका कृषिजन्य बस्तुहरूको उत्पादनमा जोड दिँदै सडक यातायात पहुँच नभएका क्षेत्रका लागि कम तौल तथा वढी मुल्य हुने कृषिजन्य वस्तुहरूको उत्पादनमा जोड दिइनेछ ।
- सम्भाव्यताका आधारमा वाली विशेषका पकेट क्षेत्रहरूनिर्धारण गरी सोही अनुसारआधुनिक एवम् वैज्ञानिक तरिकाको खाद्यान्न,तरकारी, दुध, फलफूल, नगदेवाली,च्याउ,माछापालन,गाईपालन,भैसिपालन,वाखापालन,कुखुरापालन र मौरीपालन जस्ता कृषि कार्यक्रमहरूलाई व्यवसायीकरण गर्न कृषि समूह, कृषि सहकारी र व्यक्तिगत फार्महरूलाई प्रोत्साहन तथा सामाग्रीमा अनुदान दिइनेछ ।
- गाउँपालिका, विषयगत कार्यालयहरू,परियोजना लगायत कृषि क्षेत्रमा काम गर्ने

२०७५।२।२८

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
गाउँपालिका

संघ-संस्था एवं अन्य निकायहरुको समन्वय र सहकार्यमा केही क्षेत्र पहिचान गरी अर्गानिक खेतीगर्न प्रोत्साहन गरिनेछ । मालिकार्जुन गाउँपालिकालाई आर्गानिक खेती उन्मुख पालिकाको रूपमा विकास गरिनेछ ।

- यस गाउँपालिका भित्र रहेका उद्यमीहरुको पहिचान गरी साझेदार संस्था संगको सहकार्यमा एडभान्स थप तालिमको व्यवस्था मिलाईने र नयाँ उद्यमी सृजना गर्दै लैजाने नीति लिइने छ। सो कार्यका लागि यस पालिकाले तयार पारेको लघुउद्यम रणनीति अनुरुपका कार्यक्रमहरु गरिने छ ।
- तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभको आधारमा कृषि वस्तुहरूको उत्पादन गरी उत्पादन क्षेत्रको विशिष्टीकरण गर्न एक क्षेत्र एक उत्पादनको अवधारण कार्यान्वयमा सहयोग पुऱ्याइनेछ ।
- पशु स्वास्थ्य सेवामा विस्तार, नस्ल सुधार,कृत्रिम गर्भाधान पशुआहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि प्राविधिक जनशक्तिको परिचालन मार्फत मालिकार्जुन गाउँपालिकालाई पशुपालन क्षेत्रको रूपमा विकास गरी मासु तथा दुधको लागि आत्मनिर्भता तर्फ उन्मुख एवं प्रोत्साहन गरिनेछ ।
- कृषि तथा पशुपालनका क्षेत्रमा देखिने अकस्मिक महामारी व्यवस्थापनको लागि आवश्यक पहल गरिने छ ।
- कृषि तथा पशुपालन व्यवसाय लाई प्रभावकारी वनाउन कृषि गाउँघर क्लिनिक तथा पशु स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छन ।
- मालिकार्जुन गाँउपालिकामा उत्पादन हुने महलाई मालिकार्जुनको पहिचान हुने गरि लेवलिङ -प्याकेटिङ गरि निकासी गर्न उद्यमीहरुलाईमागको आधारमा अवसरको नीती लिइने छ ।
- मालिकार्जुन,हुनैनाथ,शंकरपुर भगवतीलाई मकै पकेट क्षेत्र र उकु, जोलजिबी, डिंसी,बाकु,लास,ल्वातड र लिमेतीलाई धान पकेट क्षेत्रको रुपमा बिकास गरिने छ ।
- कृषि बिमा तथा पशु बिमा नीती कार्यान्वयनमा लिईने छ ।
- विज बृद्धि समुह बनाई मूल विउ उत्पादनमा जोड दिईने छ ।

## २. वातावरण,वन तथा भू -संरक्षण र बिपद व्यवस्थापन सम्बन्धी नीति

- वनतथा वनस्पती स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगबाट स्थानीय समुदायको

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

सहभागीता अभिबृद्धि गर्दै वन पैदावरबाट प्राप्त राजस्वले गाउँपालिकाको आर्थिक विकासमा योगदान पुऱ्याइनेछ ।

- वनलाई आर्थिक तथा वातावरण मैत्री बनाउन बैज्ञानिक वन व्यवस्थापन योजना निर्माण गर्न तथा वनजन्य उद्योगहरू स्थापनालाई नीतिगत रूपमा खुकुलो बनाउन सम्वन्धित निकायमा पहल गरिनेछ ।
- पालिकालाई पर्यावरणीय,सौन्दर्यकरण वढाउन हरित पालिकाको रुपमा विकास गर्न वृक्षारोपण लाई विशेष अभियानको रुपमा संचालन गर्ने नीति अवलम्वन गरिने छ ।
- वडास्तरमा कम्तिमा एउटा वहु उद्धेशीय नर्सरी स्थापना गरी वनविकास तथा सडक, नदी,मन्दिर र सार्वजनिक जग्गाहरूमा सरोकारवाला निकायहरूको साझेदारीमा वृक्षारोपण गरिनेछ र निजी वन लगाउन प्रोत्साहन गरिनेछ ।
- गाउपालिका भित्र रहेका सामुदायिक वन माथिको निर्भरता कम गर्न वायो ग्यास र सुधारीएको चुलोमा अनुदानको व्यवस्था गरिने ।
- संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी तथा वन,वनस्पतीहरूको संरक्षण, जैविक विविधताको हिसावले महत्वपूर्ण क्षेत्र (Biodiversity hot Spot) को पहिचान तथा संरक्षण, जैविक विविधता अभिलेखीकरण सम्वन्धी कार्यक्रमहरू तर्जुमा गरिनेछ ।
- जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न वार्षिक योजना तर्जुमा गर्दा विकास योजनालाई वातावरण मैत्री बनाउँदै लैजान सरोकारवालाहरूको ध्यानाकर्षण गराइने छ । रेड प्लस कार्वन सञ्चितबाट यो गाउँपालिकाले अनुदान प्राप्त गर्ने सम्भावना भएकाले वन क्षेत्रको व्यवस्थापन तथा विस्तार गरी आगामी ५ वर्ष भित्र गाउँपालिकालाई घरभित्रको धुवाँ रहितक्षेत्रको रूपमा विकास गर्ने अभियानलाई विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको सहयोगमा जनचेतनामुलक कार्यक्रम ल्याईने छ ।
- कवुलियती वन तथा पशुविकास कार्यक्रम अन्तर्गत जग्गा विहिन, अति गरीव, महिला घरमूली भएका दलित तथा जनजातीलाई प्राथमिकता दिइ समुह गठन गर्ने, वन हस्तान्तरण गर्ने र आयमूलक कार्यक्रमहरू सञ्चालन गरीनेछ ।
- भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्ट्रिकोणवाट संवेदनशील मानिएका तथा उच्च जोखिममा परेका क्षेत्रहरुलाई पहिचान गरि संरक्षणको लागि प्रवन्ध मिलाइने छ।
- सार्वजनिक तथा निजि चलनभोगमा रहेको बाँझो जग्गामा वृक्षारोपण गरि हरियो वन

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
...र्जुन गाउँपालिका

नीति अवलम्बन गरीने छ।

- सामुदायिक बन, निजी बनहरुलाई नियमन गर्ने तथा खोटो संकलन गर्ने संकलकहरुले सामुदायिक बन उपभोक्ता समिती र गा.पा.को प्रत्यक्ष निगरानीमा सहमतीमा खोटो संकलन गर्ने नीति अवलम्बन गरिने छ ।

३) **शिक्षा तथा खेलकुद सम्बन्धी नीति :**

- विद्यालय बाहिर रहेका विद्यालय उमेर पुगेका बालबालिकाहरुलाई विद्यालयमा पहुच पुर्‍याउन विद्यालय भर्ना अभियान लाई सशक्त रुपमा अगाडी बढाईने नीति अवलम्वन गरिनेछ ।
- बालविकास केन्द्रहरुको भौतिक पुर्वाधारको सुदृढीकरण गरि बालविकास शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ ।
- गुणस्तर विकास गर्न यो शैक्षिक सत्रको लागी शिक्षाका लागि गुणस्तर बृदि कार्यक्रम ल्याइने छ ।
- विद्यालयहरुमा सिकाई गुणस्तर बृदि गर्न अनुगमन तथा निरीक्षणमा जोड दिइने छ ।
- विद्यार्थीहरुमा अनुसाशन ,स्वच्छ प्रतिस्पर्दा तथा स्वावलम्वी भावनाको विकास गर्न पालिका स्तरीय खेलकुद र अन्य प्रतियोगिताआयोजना गरिने छ।
- अनौपचारिक तथा बिशेष शिक्षालाई आवश्यकताको आधारमा लागु गरिने छ।
- विज्ञान विषयको पढाईलाइ व्यावहारिक वनाउन नमुनाको रुपमा माध्यमिक विद्यालय छनोट गरि विज्ञान समग्री व्यवस्था गरिने छ।
- प्रायः सबै विद्यालयहरुमा सौचालयको व्यवस्था भएकै छ। विद्यालय छनोटको आधारमा महिला तथा बालमैत्री सौचालयको व्यवस्थापन गरिने छ।
- सामुदायिक सिकाई केन्द्रहरुलाई प्राथमिकताको आधारमा सूचना प्रविधि युक्त (ICT) बनाईने छ ।
- शिक्षण सिकाईमा सुधार ल्याउन र कार्ययोजनालाई अभिलेखिकरण गर्न शिक्षक तथा विद्यालय निरीक्षकले गरेको अनुसन्धानात्मक कार्यको उचित मुल्याङ्कन गरी प्रोत्साहान गरिने छ ।
- गाउँपालिका स्तरीय शिक्षा सम्बन्धि कार्यदलको सुझावको आधारमा शिक्षा ऐन र नियमावली मस्यौदा दल गठन गरि ऐन र नियमावली लागुगरिने छ ।
- विद्यालय तहको अन्तिम परीक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थी, सबै भन्दा

२०७२।८।२८
(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

उच्च प्रतिशतमा विद्यार्थीहरू उतीर्ण गराउन सफल विद्यालयलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

- वालमैत्री शिक्षण आदर्श विद्यालयकारूमाप्राविधिक शिक्षाका कार्यक्रमहरूसंचालन गर्न प्रोत्साहन गरिने छ ।
- गाउँपालिका सदरमुकाम शंकरपुरमा एउटा पुस्तकालय स्थापना गरिने छ ।
- गाउँपालिकाकोउकु, शंकरपुर र ऐरीछानामा क्षेत्रिय खेलकुद सञ्चालन हुने गरीखेल मैदान निर्माण गरिनेछ ।
- प्रत्येक विद्यालयमा तह अनुसार पुस्तकालय स्थापनामा सहयोग गरिने छ ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा विकासका लागि विशेष जोड दिइने छ ।
- शिक्षाको गुणस्तर विकास गर्न बिषयगत समितिहरु बनाई ती समितिहरुबाट पुर्नताजगि तालिम संचालन गरिने छ।
- उच्च शिक्षाको लागि शंकरपुर क्याम्पस पस्तीलाई आडगिक क्याम्पसको रुपमा स्थापना गर्न पहल गरिने छ।
- मालिकार्जुन गाउँपालिका भित्र प्राविधिक शिक्षालय सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाईने छ । निजि स्रोतमा संचालित विद्यालयहरुमा शिक्षाकोगुणस्तर बृदि कार्यक्रम अनुसार शिक्षकले पेश गरेको कार्ययोजनाका आधारमा अनुदानको व्यावस्था गरिने छ ।

## ४) स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी नीति :

- मालिकार्जुन गाउँपालिकामा १५शैयाको अस्पताल स्थापना गर्न आवश्यक पहल गरिने छ ।
- जेष्ठनागरिक,एकलमहिला,असक्त र अपगंता भएका व्यक्तिहरुलाई वर्षमा एक पटक स्वास्थ्यजाचँ तथा उपचार र परागर्सकालागिघरदैलो घुम्ति सिभिर संचालन गरिने छ।
- आयुर्वेद औषधालय, प्राकृतिक चिकित्सा, योग शिक्षा लगायत अन्य वैकल्पिक स्वास्थ्य पद्धति तथा औषधीको सम्भावना रहेको मालिकार्जुन गाउँपालिकामा जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
- स्वास्थ्य चौकीको प्रसुती सेवा क्षमता अभिवृद्धि गरी गुणस्तरीय र सर्वसुलभ स्वास्थ सेवाको विस्तार गरिनेछ ।

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

- वडा नं १ र वडा नं ७मा स्वास्थ्य चौकि स्थापनाको लागि पहल गरिने छ।
- जनसख्ँया र भूगोलको आधारमा स्वाथ्य आमा समुह गठन गरि महिला स्वास्थ्य स्वयमसेविका थपकालागि पहल गरिने छ।
- सामुदायिक स्वास्थ्य ईकाइ केन्द्र स्थापनाकोलागि पहल गरिने छ ।
- खोपसेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न पस्ति स्वास्थ्य चौकीमा रहेको कोल्डचैन सव-सेन्टरलाई थप व्यवस्थित बनाउनुका साथै गाउँपालिका स्तरीय कोल्ड चैन सव– सेन्टर संचालनगरिने छ।
- मालिकार्जुन स्वास्थ्य चौकी र पस्ती स्वास्थ्य चौकीमा संचालित प्रयोगशालासेवा लाईस्तरोन्नती गरि अन्य वडाहरुमा थप संचालनका लागी पहल गरीने छ ।
- पूर्ण सस्थागत सुत्केरी युक्त वडा धोषण कार्यक्रम लागु गर्न पहल गरिने छ।
- नेपाल सरकारले अवलम्बन गरेको अनिवार्य स्वास्थ्य बिमा नीति लागु गरिने छ, साथै बहुक्षेत्रीय पोषण योजनाले ईंगीत गरेका कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।
- शिशु सुरक्षा,दुग्धवर्धक,जडीबुडी जन्य र योग शिक्षालाई अवलम्वन गरिने छ

## खानेपानी तर्फ

- व्यक्तिको स्वच्छ खानेपानीको अधिकारलाई सुनिश्चित गर्न सबै खानेपानीका मुहानहरूलाई स्वत: गाउँपालिकाको स्वामित्वमा ल्याई पानीको मुहान र धाराको संरक्षण गरी एकघर एक खानेपानीको धारा निर्माण गर्ने विगतकै नीति लाई निरन्तरता दिईएको छ ।
- पानी उपयोगको वैज्ञानिक मान्यताका आधारमा पानी उपयोगलाई प्राथामिकिकरण गरी पहिलो खानेपानी, दोस्रो सिंचाई तेस्रो मनोरञ्जन र चौथौ औद्योगीकरणका लागि प्रयोग गरिनेछ ।
- स्वच्छ खानेपानीको दिगो व्यवस्थापनका लागि आयोजना निर्माणको क्रममा नै निश्चित रकम मर्मत सम्भार कोषमा राखी प्रत्येक उपभोक्ताले न्युनतम रकम मासिक रूपमा जम्मा गर्नु पर्ने नीति लिदैं खानेपानी आयोजनाहरू उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ साथै दिगोपनालाई संस्थागत गर्ने योजनाहरुलाई प्रोत्साहनको नीति लिइने छ ।

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

- विगतमा निर्माण भई सञ्चालनमा रहेका खानेपानी आयोजनाहरू उपभोक्ताहरूको सहभागितामा दिगोरूपमा सञ्चालन गर्नुपर्ने नीतिलाई निरन्तरता दिईने छ .

- एक घर एक शौचलयको अवधारणालाई कडाइका साथ पालना गराउँदै आफ्नो घर अगाडि आफैले सरसफाइ गर्नुपर्ने अवधारणाको विकास गर्ने गतवर्षकै नीतिलाई निरन्तरता दिईएको छ ।
- मालिकार्जुन गाउँपालिकालाई स्वच्छ गाउँपालिकाको रूपमा स्थापित गर्न जसले फोहोर गरेको हो, उसैले सफाई गर्नुपर्ने नीतिकासाथै पूर्ण सरसफाई सूचक प्रभावकारी रुपमा संचालन गर्ने नीती लिइनुका साथै सार्वजनीक स्थानमा फोहोर गरेमा दण्ड जरीवाना गर्ने र प्लाष्टिक विहिन गाउँपालिका निर्माण गर्ने दिशामा अघि वढाइने नीतिलाई निरन्तरता दिईने छ ।

- वजारकेन्द्रको रुपमा विकास भईरहेका स्थानहरु शंकररपुर, मालिकार्जुन,मेलिखेत, चैतालिचौरा, उकु, जोलजिवी, डाडाकोट, हुनैनाथका वजार केन्द्र,वडा केन्द्रहरुमा हुने फोहर व्यवस्थापन गर्न फोहर व्यवस्थापन समिती गठन गरिने छ र उक्त केन्द्रहरुलाई स्वच्छ सफा र हरियालीयुक्त वनाउने कार्य सवै उपभोक्ताहरुको हुने छ भन्ने विगतको नीतिलाई निरन्तरता दिईनेछ ।
- वजारको रुपमा विकास भईरहेका स्थानमा सवै उपभोक्ताहरु लाई कुहिने फोहोरलाई प्रयोग गरी करेसावारी र घरबारी खेतीगर्ने अभियानलाई प्रोत्साहन गरिने छ । हरियाली वगैंचा निर्माण गर्नेलाइ पुरस्कृत गर्ने नीति लागुगरिने छ ।
- मालिकार्जुन गाउँपालिकालाई पूर्ण सरसफाई क्षेत्र घोषणा गरिनेछ ।स्वच्छता र सरसफाइलाई व्यक्ति र समुदायको पहिचानको विषय वनाइनेछ ।
- पानीका मुहान संरक्षणका साथै पानीका स्रोतको सञ्चिती वढाउन पहल गरिने छ ।

**५)महिला तथा बालबालिका सम्बन्धी नीति :**

- विकास आयोजनाहरूको निर्णय प्रकृया र कार्यन्वयनमा महिला सहभागीता

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

सुनिश्चितता कायम गर्दै लैगिंक सशक्तिकरण तथासामाजिक समावेसीकरण नीति अनुरूप महिलाको आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- लैगिंक हिंसा र मानव वेचविखन जस्ता सामाजिक अपराध जन्य कार्यलाई नियन्त्रण र निरूत्साहित गर्ने नीति लिइनेछ ।
- वालमैत्री पूर्वधारहरूको विकास गर्दै नेपाल सरकारले ल्याएको बाल मैत्री स्थानीय शासनको अवधारणा अनुरूप स्थानीय तह तथा सरोकारवालाहरूको समन्वयमा वालश्रम मुक्त मालिकार्जुन गाउँपालिका बनाउने नीति लिइनेछ
- वालबालिकाहरूको पोषण, हेरचाह बालश्रम,वालविवाह न्युनीकरण तथा असाहय बालबालिकाको संरक्षण गर्ने नीति लिइनेछ ।

**६) आदीबासी जनजाती,दलित,अपाङ्गता, जेष्ठ नागरिक सम्बन्धी नीति :**

- जातीय आधारमा हुने छुवाछुत, भेद्भाव र विभेदहरूलाई न्युनीकरण गर्दै विभेद मुक्त मालिकार्जुन गाउँपालिका निर्माण गर्ने विगतको नीतिलाई निरन्तरता दिईनेछ ।
- दलित र अपाङ्गगता भएका व्याक्तीहरुको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षीत वर्गको सामाजिक तथा आर्थिक उन्नतीको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ। यस क्षेत्रका युवाहरुलाई स्वरोजगार र सरकारी सेवामा पहुचकालागि लोकसेवा तयारी कक्षा र सिपमुलक तालिमको व्यवस्था गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै वास्तविक तथ्यांङ्क संकलन गरी विभिन्न सरकारी तथा गैर सरकारी निकाय तथा संस्थाहरूको सहयोगमासहयोगी उपकरणहरु तथा स्वास्थ्य उपचारका साथै समुदायमा आधारित पुर्नस्थापना गृह निर्माण कार्य अगाडि बढाउन पहल गरिने छ ।

**७) सामाजिक विकास सम्बन्धी नीति :**

- सामाजिक रूपान्तरण मार्फत गरिवी न्युनीकरणलाई सहयोग पुऱ्याउन आर्थिक तथा समाजिक रूपमा पछाडि पारिएका वर्ग तथा समुदायको आवाज अभिबृद्धि गर्न र सेवा प्रवाहमा उनीहरूको पहुँच अभिबृद्धि गर्नका लीग संचालित सामाजिक परिचालन कार्यक्रमहरूलाई अझ शसक्त र प्रभावकारी बनाउन आश्यकता अनुसार वडा,वस्ती स्तरमा नागरिक मञ्चहरू गठन गर्दै लगिने बिगतको नीतिलाई कायमै राखिएकोछ ।

२०७८/१२/२८

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

- मालिकार्जुन गाउँपालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरूको लगानीलाई प्रोत्साहित गरिनेछ र गाउँपालिका सगैर-सरकारी ँगको सहकार्यमा कार्यक्रमहरु संचालन गर्न प्रोत्साहन गरिनेछ ।गैर-सरकारी संस्थाहरूको कार्यमा हुन सक्ने दोहोरोपन हटाउन, समन्वय र सहकार्य अभिबृद्धि गर्न गाउँपालिकाले विशेष संयन्त्र बनाउने नीति अवलम्वन गनेछ।
- गैर सरकारी संस्थाहरूबाट सञ्चालित क्रियाकलापहरूको चौमासिक समिक्षा गर्ने, नियमित अनुगमन गरी गैर सरकारी संस्थाहरु समेतको साझेदारीमा चौमासिक बुलेटिन प्रकाशन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- यस क्षेत्रमा शिक्षाको दियो उजागर गर्नु हुने प्रतिष्ठित व्यक्तित्व स्वर्गीयं काशी राम पन्तको नाममा स्थापना भएको काशीराम पन्त स्मृति प्रतिष्ठानको नाममा काशीराम पन्त स्मृति छात्रवृतीअक्षयकोष स्थापना गरिने छ ।
- गाउपालिकाका सबै वडाहरुमा सहकारी मार्फत सुपथ मुल्य पसल सचालन गर्न निजी क्षेत्र संग सहकार्य गर्ने नीति लिईने छ ।

## ८) विद्युत/उर्जासंचार सम्बन्धी नीति :

- ग्रामीण विद्युतीकरणको विकास र विस्तारमा विशेष जोड दिँदै गाउँपालिका भित्रका सबै वस्तिका घरधुरीहरुमा विजुलिवत्ति पुर्‍याउन विद्युत विस्तार , नविकरणीय तथा बैकल्पिक उर्जाको प्रयोग र प्रवर्द्धनलाई जोड दिइने बिगतको नीति कायमै राखिएको छ ।
- सुधारिएको चुल्हो कार्यक्रम लाई प्रथामिकता दिई सबै घरधुरीमा निर्माण गर्ने कार्य लाई प्रोत्साहित गरिने नीतिलाई निरन्तरता दिईनेछ ।
- विकास भई रहेका वजार केन्द्रहरु र मन्दिरहरुमा सौर्य उर्जाको प्रयोग तथा प्रवर्धन को कार्य मालिकार्जुन,शंकरपुर,पस्ति,मेलखेत र जोलजिबीमा सम्पन्न भएतापनि यस कार्यक्रमलाई निरन्तरता दिई अन्य स्थानहरुमा बिस्तार गरिने छ ।
- यस गाउँपालिका क्षेत्रमा लेण्डलाइन टेलिफोन सेवा तथा ईन्टरननेट सेवा विस्तारका लागि आवश्यक पहल गरिनने छ ।
- यस क्षेत्रको मोबाईल फोनसेवाको गुणस्तर सुधारका लागि मोबाईल टावर,टेलिफोन टावरथप गर्न आवश्यक पहल गरिने छ ।
- सामुदायिकएफ एम रेडियो विकासको नीतिलाइ प्राथमितामा राखिने छ ।

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

९) **पर्यटन प्रवर्द्धन तथा धार्मिक एवं सास्कृतिक नीतिः**

- यस गाउँपालिकाको सास्कृतिक परम्परा भेषभुशा मौलिक पहिरन एवं पुरातात्वीक महत्वका सामग्रीहरु संकलन सम्वर्द्धन एवं संरक्षणको लागि उपयुक्त स्थानमा एउटा सास्कृतिक संग्रालय स्थापनाको व्यावस्था गरिने छ ।
- प्रदेश नं ७ कै प्राचिन एवं ऐतिहासिक भग्नावशेष उकुमहलको अध्ययन,अनुसन्धान, अन्वेषणका लागि काम गरिनुका साथै हाल महल वरपर यत्रतत्र छरिएर रहेका मुर्ति एवं शिला लेखहरुलाई शुरक्षित व्यवस्थित रुपमा राख्न एउटा संग्रालयको स्थापना गरिने छ ।
- यस गाउँपालिका भित्र रहेका मठ मन्दिर तथा देवस्थलहरु सम्म सहज पहुचका लागि मोटर बाटो र पदमार्गको निर्माण गर्न साझेदारीमा काम अगाडी बढाईने छ ।
- यस गाउँपालिका भित्र रहेका मठ मन्दिर संग सम्वन्धित भएर प्रकाशन र निर्माण गरिएका मायाको चिनो तयार गर्न निजि क्षेत्रलाई प्रोत्साहन गरिने छ ।
- यस गाउँपालिका भित्रका मठमन्दिर हरुमा मन्दिर व्यवस्थापन समिति गठन गरी मन्दिरको आम्दानीलाई व्यवस्थित गराईने छ । मन्दिर हाता भित्र भौतिक पुर्वाधार निर्माण लगायतका अन्य कार्यहरु सोही समिति संगको साझेदारीमा सम्पन्न गर्ने नीति लिइएको छ ।
- यस गाउँपालिका भित्र रहेका सवै मठमन्दिर हरु एवं धार्मिक शक्ती पिठहरुको लागत राखिनुका साथ साथै यसको संरक्षण र सम्वर्द्धनका लागि उचित व्यवस्थापन गरिने छ ।
- मुलुकभरिका सातवटा धामहरु मध्ये कै एउटा धाम श्री मालिकार्जुन देवस्थलमा आउने भक्तजन एवं पर्यटकहरुलाई मालिकार्जुन देवस्थल भित्र मात्रै सिमित नराखेर सोमनाथ चस्कोट, वन्तोली, जयपुर, हुनैनाथऔतालेक, बन्ड सलेती, उकुमहल, जगदम्वा भगवती मानै,ठीङ बजानी,तमैराज वल्लेख,चाडी मन्दिर तथा गैरा रानी रनेवास, पौडीमाण्डौ र शिवमन्दिरको दर्शन गर्न पहल गरिने छ।
- यस क्षेत्रकै सव भन्दा अग्लो ठाउ मालिकार्जुन गाउँपालिका २ न्वालपानी दमौरामा भ्यू टावरको व्यावस्थापन गरी पर्यटकहरुलाई आकर्षण गर्न सम्भाव्यता अध्यन गरिने छ।
- मालिकार्जुन मन्दिर मड देखि सौन्दर्य कासडीखोला वन क्षेत्र हुदै न्वालपानी दमौरा वजानी हुदै नेटा थाप्ला पर्यटकीय सडकको निर्माण कार्यलाइ अगाडी वढाइने छ ।

२०७५।३।२८

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

- मुलुक भरिका सात वटा धामहरु मध्ये कै एउटा धाम श्री मालिकार्जुन मन्दिर क्षेत्र मड वाट शिखर जाने बाटोमा केवुलकारको लागी प्रदेश सरकार ,संघिय सरकारको सहभागिता हुने गरि निजि क्षेत्र समेत लाई सहभागी गराई यसको संचालनका लागि सम्भाव्यता अध्यन गरिने छ ।
- मालिकार्जुन गाउँपालिकालाई धार्मिक पर्यटकीय क्षेत्र घोषणा गर्दै राष्ट्रिय स्तरको पर्यटकीय क्षेत्र घोषणा गराउन पहल गर्ने नीति लिइनेछ ।

**आदरणीय उपस्थित गाउँसभा सदस्य ज्यूहरु!**

- पर्यटन सम्बन्धमा बिगतको निम्न  नीतिहरुलाई निरन्तरता दिईने छ।
- सवै मन्दिरहरुको गुरुयोजना वनाई विभिन्न कार्यक्रमहरु संचालन गर्ने नीति लिईने छ
- मालिकार्जुन स्वामीको काखमा अवस्थित आराध्यदेव भगवान शिवको तपोभुमि शंकरपुरमा महामृत्युन्जय महादेवको नेपालकै अग्लो मध्येको एक मुर्ती स्थापना सहित एकिकृत मालिकार्जुन विकासका लागि दाताहरूको खोजी गर्ने नीति लाई निरन्तरता दिईने छ ।
- मालिकार्जुनगाउँपालिकाभित्रपर्नेऐतिहासिक,पुरातात्विक,सांस्कृतिक,धार्मिक, सम्पदाहरूको अध्ययन अनुसान्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइने छ ।
- पर्यटकीय स्थल मार्ग र वरीपरीको क्षेत्रमा होम स्टे/ पाहुना घर निर्माण गर्ने र पर्यटक मैत्री गाउँपालिका बनाउन पहल गरिने छ।
- पर्यटकीयक्षेत्रहरूमाहोटल, लज, रिसोर्ट खोल्न नीजी- सार्वजनिक साझेदारीमा पर्यटकीय  स्थलहरूको  प्राकृतिक सौदर्न्यतामा खलल पुर्‍याउन नदिने र स्वच्छता तथा सरसफाईमा विशेष ध्यान दिन आवश्यक पहल गर्ने नीति लिइने छ।
- भगवती शंकरपुर र मालिकार्जुनको सिमानामा पर्ने वरपाली  क्षेत्रलाई त्रिवेणी धामकोरुपमा विकास गरि धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने नीति लिइनेछ
- हाम्रो पहिचान सास्कृतिक विराशतहरु झोडो,फाग,सगुना,ढुस्को,अठवालि,ठाडो खेल, चैतालोलगायत अन्य शुभ कार्यमा गाईने सगुना,कथा,किमवदन्ती,विभिन्न मन्दिरहरुको जनश्रुति आदि संस्कृति एवं अन्य अमुल्य निधीहरुको अध्ययन,अनुसन्धान, सम्वर्धन संरक्षण र प्रवर्धन गर्ने नीति लिईने छ ।

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

१०) सुशासन सम्बन्धी नीति :

- सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीत, जनसहभागिता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशानसनको प्रत्याभुती दिलाउन गाउँपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह तथा संञ्चालित आयोजनाहरू तथा कार्यक्रमहरूको सार्वजनिक सुनुवाई, आयोजना स्थलमै भुक्तानी सार्वजनिक लेखापरिक्षण सामाजिक परिक्षणलाई निरन्तरता दिदै कामका आधारमा रकम भुक्तानी गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- राज्यको चौथो अंग पत्रकारिता मार्फत जवाफदेहिता,अनुगमन, सार्वजनिकिरण तथा पारदर्शिता कायम गर्ने बिगतको नीतिलाई अगाडी सारिनेछ।
- गाउँपालिकाको गुरु योजना र पाँच वर्षे आवधिक योजना वनाई गाउँपालिको दीर्घकालिन दिगो विकासमा जोड दिईने छ ।
- गाउँपालिकाको विस्तृत पाश्वचित्र वनाउने र गाउँपालिकाको आफ्नै वेव साईटका माध्यम वाट गाउँपालिकाको विस्तृत विवरण तथा सूचनाहरु सार्वजनिक गर्ने प्रकिया थालिसकेको छ,यसलाई सुदृढिकरण गरिने छ ।

११) भौतिक पूर्वधार सम्बन्धी नीति :

- गाउँपालिका भित्र वन्ने सबै सडक मार्गहरू कम्तिमा ६ मिटर चौडाइको हुनु पर्ने र सडक छेउमा अनिवार्य वृक्षारोपणको अवधारण अवलम्वन गरिने छ ।
- मुख्य सडक संग नजोडिएका यस गाउँपालिकाका वडा र वस्ती लाई आगामी आ.व.२०७५/०७६ देखि मूख्य सडक संग जोडने ग्रामिण सडक विस्तार गरने छ ।
- स्थानीय स्तरमा संचालित लघु जलविधुत गृहको क्षमता वृद्धि लाईन विस्तार गर्दै राष्ट्रिय प्रशारण लाईन विस्तार गरी सवै वडा बस्तीहरुमा विधुतीकरण गरिदै लगिने छ ।
- यस गाउँपालिका क्षेत्र भित्र सवै सरकारी संघ संस्था एवं सहकारीहरुमा संचार र ईन्टरनेट सेवा विस्तारका लागी पहल गरिने छ।
- गाउँपालिका भित्र सरकारी,गैर सरकारी र व्याक्तिगत पहलमा निर्माण गरिने घर गोदाम भवनहरुमा नेपाल सरकारवाट जारी गरेको भवन आचरसंहिता आगामी आ.व. देखि लागु गरिने छ।
- स्थानीय स्तरमा दररेट तयार गर्दा भौगोलिक सुगमता र दुर्गम क्षेत्रको ढुवानी सम्वन्धी व्यवस्था मिलाईने छ ।

(नरेन्द्र सिंह धामी)
अध्यक्ष

- सिचाई सुविधा नपुगेको खेतीयोग्य जमीनमा सिचाई र खानेपानीको लागी आवश्यक व्यवस्था गरिने छ ।
- यस गाउँपालिका भित्र गरिने सबै विकास निर्माणको सम्भाव्यता अध्ययनको कार्यलाइ निरन्तरता दिनुकासाथैसबै प्रकारका सडकहरूको नक्शाङ्कन,राष्ट्रिय मापदण्ड अनुसार सडकहरूको क्षेत्र निर्धारण गरि निर्माण गरिनेछ ।
- मालिकार्जुन गाउँपालिका भित्र निर्माण गरिने सबै प्रकारका भौतिक संरचना निर्माण गर्दा नक्सा पास गर्नु पर्ने, प्रत्येक संरचना तथा निजी घर सम्म कम्तिमा १२ फिटको बाटो हुनुपर्ने, नामसारी भएर आएका बाहेक कम्तीमा १५० वर्ग मिटर भन्दा कम क्षेत्रफलका जमीनकित्ताकाट नहुने निति लिइने छ ।
- मालिकार्जुन गाउँपालिकाको केन्द्र वडा नं. ८ शंकरपुर रहनेछ साथै उक्त केन्द्र वरिपरि निर्माण हुन सानो शहरको डिजाइन गरी सुन्दरशहर निर्माण गर्ने नीति लिइनेछ । गाउँपालिका र ८ वटै वडाहरुको आफ्नै कार्यालय भवन बनाउन पहल गरिनेछ ।
- संविधान अनुसार स्थानीय तहले उठाउन पाउने कर, शुल्क दस्तुर**अनिवार्य रुपमा** उठाउँदै मालिकार्जुन गाउँपालिकाको आन्तरिक आम्दानी बढाउदै लैजाने बिगतको नीतिलाई निरन्तरता दिईने छ ।
- सरकारी, सहकारी र नीजी लगानी बाट समृद्ध मालिकार्जुन गाउँपालिका निर्माण गर्ने नीतिलाई कार्यन्वयन गर्दै लगानी मैत्री मालिकार्जुन गाउँपालिका बनाउन पहल गरिनेछ ।
- "आफ्नो गाउँ सुन्दर र समृद्ध बनाउ" भन्ने नीतिका आधारमा सबै वडाहरूमा विकास निर्माण कार्यलाई अगाडी बढाउने नीति लिइएको छ ।
- गाउँपालिका भित्र निर्माण हुने विभिन्न योजनाहरू र कार्यकमहरु पहिलो चौमासिक भित्र सम्झौता गरी निर्माण प्रकृया थालनी नगरेमा १% हर्जना ,दोस्रो चौमासिक सम्म निर्माण प्रक्रिया थालेको जानकारी नगराएमा सम्झौता खारेजी गरिने नीति लिइने छ र तेस्रो चौमासिकको जेष्ठ मासान्त भित्र भुक्तानी लिइसक्नु पर्नेछ । समयमा नै काम सक्ने, गुणस्तरिय राम्रो काम गर्ने महत्वपूर्ण योजनाहरूमा स्वत: रकम थप्ने/रकमान्तर गर्ने नीति अनिवार्य रूपमा कार्यन्वयन गरिनेछ ।
- मालिकार्जुन गाउँपालिका सिमा भित्रबाट निकासी हुने ढुङ्गा गिट्टी, बालुवा, तरकारी, काठ, व्यक्तिगत फर्म तथा सबै प्रकारका संघ-संस्था, होटल, उद्योग, व्यवसाय,

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

घर,पसल, घरभाडा सिफारिस आदीलाई शुल्क करको दायरा भित्र ल्याउने नीति लिइएको छ ।

- राष्ट्रसेवक कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने तथा जिम्मेवारी पुरा नगरी आलटाल गर्नेलाई सचेत गर्ने, स्पष्टीकरण सोध्ने र सुधार नभएमा दण्डित गर्ने नीति लिइएको छ ।
- सेवा प्रवाह गर्न सजिलो, समुदायको अनुकूलतालाई हेरी वडा सदरमुकामहरुलाइ विभिन्न संघ-संस्था संग मिलेरसाझेदारीमा एकिकृत नमुना बस्ती निर्माण गर्नपहल गरिने छ ।
- प्राकृतिक प्रकोप न्युनीकरण गर्न र प्राकृतिक प्रकोपबाट पिडितहरूलाई व्यवस्थापन गर्नकालागि मालिकार्जुन गाउँपालिकामा विपद व्यवस्थापन कोषलाई व्यवस्था गरिएको छ ।
- युवाहरु लाई लक्षित गरि विभिन्न रोजगारका अवसरहरु श्रृजना गर्ने खालका सीपमुलक तालिमहरु,विभिन्न कृषि तथा गैर कृषिमा आधारित लघु उद्यमहरु संचालनको लागि अनुदान तथा तालिमसंचालनको व्यवस्था गर्न युवा स्वरोजगार कोषलाई निरन्तरता दिइने छ ।

**गाउँपालिकाको समग्र विकासका लागी गुरु योजना ( MASTER PLAN), कार्य योजना ( ACTION PLAN)**

- यस गाउँपालिका भित्र संञ्चालन गरिने भौतिक पुर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा, सिचाई, खानेपानी, विधुत, वनवनस्पति र जैविक विविधताहरुको गुरु योजना ( MASTER PLAN), कार्य योजना ( ACTION PLAN) वनाईने छ ।
- लक्षित समुदाय दलित महिला अल्पसंख्यक जनजाति पिछिडिएको वर्ग आदिको जिविकोपार्जनका लागी अध्ययन गरिने छ ।
- गाउँपालिकाको चौतर्फि बिकासकोलागि संभाबित चुनौतिहरु र तिनको समाधानको उपायको लागीअध्ययन अनुसन्धानगरिने छ ।

२०७५।३।२४

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

आदरणीय उपस्थित गाउँसभा सदस्य ज्यूहरु

अन्त्यमा यस मालिकार्जुन गाँउपालिकाको समग्र विकास र सम्वृद्धिको लागि यस गाँउपालिकाका क्रियाशिल राजनैतिक दल, निर्वाचित जनप्रतिनिधिहरु, नागरिक समाज, निजि क्षेत्र , समस्त बौद्धिक वर्ग , पत्रकार तथा आम नागरिकको साझा सहमती र प्रतिबद्धताका साथ प्रभावकारी सहभागिता जनाउनका लागि हार्दिक अनुरोध गर्दै समुन्नत र सम्वृद्ध मालिकार्जुन गाँउपालिका बनाउने हाम्रो अभियानमा सबै पक्षबाट सृजनात्मक र रचनात्मक सहयोगको अपेक्षा गर्दै बिदा चाहन्छु ।

धन्यावाद ।